# काभ्रे तथा ससरी जिल्लाको स्वास्थ्य स्थिति बारेको प्रेस बिज्ञसी :-

**काभ्रे जिल्ला,** पाँचखाल नगरपालिकामा भएको **Food Poisoning** (बिसाक्त खाना सेवन) को घटना र **ससरी जिल्ला**को कन्चनरुप, हनुमाननगर कंकालनी र **ससकोशी नगरपालिकामा** फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) सम्बन्धमा मिती २०७५ आश्विन ५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस विज्ञसि (#५)

**१) पाँचखाल नगरपालिका वार्ड न. ९, ११ र १२ मा भएको Food Poisoning (बिसाक्त खाना सेवन) को घटना सम्बन्धमा:-**

स्थानीय स्वावलंबन सहकारी सस्थाले तीजको अबसरमा आयोजना गरेको मिति २०७५ भाद्र २२ को दर खाने कार्यक्रममा करिब ५९० जना स्थानीयहरु सहभागी रहेको र सहभागीहरुमा खाना (दर) खाए पश्चात करीब ६ घण्टा पछि बान्ता आउने तथा पेट दुखे, ज्वरो आउने जस्ता लक्षणहरु देखा परेका थिए। जम्मा बिरामी संख्या **४८९** अभिलेखीकरण गरीएको छ।

१. NPHL ले गरेको दुई ओटा पानी जांचको नतीजा **नमुना १ मा:** Coliform >१८०, E-coli>१४ र **नमुना २ मा:** Coliform >१८०, E-coli>१८० आएको छ।
२. धुलिखेल अस्पताल तथा त्रि. बि. शिक्षण अस्पतालबाट प्राप्त जानकारी अनुसार ३५+१ (३६) जनामा entamoeba histolytica positive आएको छ र शिर मेमोरीअल अस्पतालमा २ जनामा Salmonella देखीएको छ।
३. बिधि विज्ञान प्रयोगशालामा पठाइएको food sample र पानी नमुना जांच गर्दा कुनैपनि विषादि नरहेको जानकारी प्राप्त भएको छ।

उक्त दिन देखि नै प्रभावितहरुको उपचार तपसिल अनुसारका अस्पतालहरुमा भएको र **आजको मितीमा १ (एक) जना बिरामी बाहेक सबै अस्पतालबाट डिस्चार्ज भइसकेको - दिउँसो १२:१५ सम्मको विवरण:-**

| क्र.स् | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका |
|---|---|---|
| १ | धुलिखेल अस्पताल | १८५ |
| २ | शिर मेमोरियल अस्पताल | ९७ |
| ३ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ११ |
| ४ | बालुवा आउटरीच सेन्टर | ३५ |
| ५ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ६७ |
| ६ | पाँचखाल पोलिक्लनिक | ४६ |
| ७ | बनेपा अस्पताल | ५ |
| ८ | निजामती अस्पताल | २ |
| ९ | त्रि.बि. शिक्षण अस्पताल | १ |
| १० | कान्ती बाल अस्पताल | ५ |
| ११ | श्री वीरेन्द्र अस्पताल | १ (हड्डी भाँचिएको कारणले भर्ना भएको) |
| १२ | काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल | २ |

| क्र.स् | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका |
|---|---|---|
| १३ | हेल्थ क्याम्प, भावना मा .बि., बालुवामा | ३१ |
| | जम्मा | ४८९ |

तालीका १ः उमेर र लिंग अनुसारको बर्गीकरणः-

| क्र.स् | उमेर समूह | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० - १४ | ९२ | ८४ | १७६ | |
| २ | १५ - ५९ | २६ | २४० | २६६ | |
| ३ | ६० बर्ष माथी | ६ | २४ | ३० | |
| जम्मा | | | | *४८९ | *१८ जना बिरामीहरुको उमेर अनुसारको विवरण प्राप्त हुन नसकेको |

घटना घटेको दिन मिति २०७५/०५/२३ गते शनिबारनै सचिवज्यूको निर्देशनमा स्वास्थ्य विभागका महानिर्देशकज्यूको नेतृत्वमा स्वास्थ्य मन्त्रालय गुणस्तर मापन तथा नियमन प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई प्रमुख तथा बिश्व स्वास्थ्य संगठन लगायत जिल्लाको RRT, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी बलको संयुक्त टोलिले घटनास्थलको स्थलगत अध्ययन गरि आबश्यक स्वास्थ्य सेवा तथा उपचार मा सहजीकरण गरेको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मार्फत स्थानीय रुपमा प्रत्यक्ष सेवा पुर्याउने धुलिखेल अस्पताल, शिर मेमोरीअल, पाटन अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, सम्बन्धित स्थानीय नगरपालिका लगायात संग स्थलगत रुपमा समन्वय, परीचालन तथा निरन्तर सम्बाद, समन्वय तथा बिरामीहरुको अबस्थाको बारे निरन्तर फलोअप गरिरहेको छ । साथै इपिडीमियोलीजीकल अन्वेषण गर्ने कार्य निरन्तर रहेको छ ।

मिति २०७५ भाद्र ३१ गते श्रीमान् निमीत्त सचिव तथा प्रमुख बिशेषज्ञ सुशील नाथ प्याकुरेलज्यूको अध्यक्षतामा बसेको बैठकले समग्र review गरी इपीडीमीयोलोजिकल अन्वेषणको कार्यलाई प्राविधिक रुपमा गर्न सकिने कार्य गर्ने र बिस्तृत विश्लेषणात्मक प्रतिबेदन तयार गरी आगामी योजना र सहजीकरण गर्ने गरी तयारी गर्ने संघ, प्रदेश, स्थानीय तहमा सम्प्रेषण गर्ने एवम् अन्य श्रोत व्यवस्थापनको लागि जिल्ला तथा स्थानीय स्तरबाट प्राप्त प्रतिबेदन अनुसार आगामी दिनमा निर्णय लिने ।

यस घटनाको व्यवस्थापनमा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, अस्पताल, संघसँस्था, ब्यक्तित्व तथा समुदाय, पत्रकार तथा सम्बन्धीत सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

## २) सप्तरी जिल्लाको कन्चनरुप, हनुमाननगर कंकालनी र सप्तकोशी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) सम्बन्धमा

- रुघाखोकी, ज्वरोको कारणबाट हाल सम्म जम्मा ४ जनाको मृत्यु भएको समाचार सम्बन्धमा मिति २०७५ साल भाद्र ८, १९, २१ र २७ गते मृत्यु भएको र सो मृत्यु मध्ये ८ र ९ गते भएको मृत्यु को बिरामीको नमुना लिन नसकेको कारणले विस्तृत अनुसन्धान र निदान हुन नसकेको, १ जना मृत्यु भएको सम्बन्धमा भारतबाट आउंदा नै सिकीस्त (Pneumonia with ARDS with Sepsis, Septic Shock, AKI) अवस्थामा रहेको र धरान तथा बिराटनगरमा उपचार हुँदाहुदै मृत्यु भएको एबम भाद्र २४ गते स्वास्थ्य सेवा बिभाग र BPKHIS तथा जिल्लाको टोलीले प्रभिबित क्षेत्रमा गइ कन्चनरुप र हनुमाननगर कंकालनी नगरपालिकामा ३६२२ जना, सप्तकोशी नगरपालिकामा १०३६ जना गरी जम्मा बिरामी **४६५८ जनाको स्वास्थ्य परिक्षण** गरी रुघाखोकीका लक्षण भएका कन्चनरुप र हनुमाननगर कंकालनी नगरपालिकाका **बिरामीहरुको २८ वटा** Throat swab को **नमुना संकलन गरी** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा परिक्षण गरिएकोमा १४ वटामा Influenza A/H3, १ वटामा Influenza A/H1N1 र १ वटामा Influenza B भेटिएको । समग्ररुपमा यस सम्बन्धमा स्वास्थ्य बिभाग, EDCD बाट इपिडीमियोलोजी शाखा प्रमुख डा. प्रकाश शाह सहित, BPKHIS, जिल्ला प्रसाशन, जिल्ला स्वास्थ्य, स्थानीय नगरपालीका र WHO को टोली स्थानीय स्तरमा थप investigation र आबश्यक व्यवस्थापनको लागि औषधि सहितको टोली खटिरहेको छ । साथै प्रदेशबाट समेत माननीय मन्त्रीज्यू एबम् बिशेषज्ञ टोली र सगरमाथा अंचल अस्पतालबाट मे.सु. सहित सो स्थानमा पुगेर प्राविधिक रुपमा आवश्यक सरसल्लाह एबम व्यवस्थापन गरेको र जनकपुर अस्पतालमा १६ ICU बेड मध्य ८ ओटा भेन्टिलेटर समेत तयारी अबस्थामा रहेको र रेफरको लागी आबश्यक परे नगरपालिका संग समन्वय भइरहेको ।

| |
|---|
| **मौषमी रुघाखोकी र यसको असरबाट बच्ने उपायहरु:** - कुनै कुरा छोएपछि, खाना अघीपछि र साबुन पानीले हात मिचीमिची धुने, - हाच्यू गर्दा, खोक्दा हातको पाखुरा वा रुमाल वा कुनै कपडाले नाक र मुख छोप्ने, - हात नमिलाउने, नमस्ते भन्ने बानी बसाउने, बिरामीलाई छुट्टै कोठामा आराम गर्न लगाई प्रस्स्त मात्रामा झोलिलो खानेकुरा संगै सन्तुलित आहार दिने - भीडभाडमा नजाने, विरामी भन्दा दुई हात अथवा १ मीटर टाढा बस्ने, पानी उमालेर मात्र पिउनको लागि हार्दिक अनुरोध छ ।साथै बृद्ध वृद्धा तथा बालबालिका लाई बिशेष सतर्कता अपनाई आवश्यकता अनुसार स्वास्थ्य कर्मीको सल्लाह लिई सेवा लिने व्यवस्था गर्ने । |

- मौसमी रुघाखोकीबाट बच्ने उपायहरु बारेमा सूचना सन्देशहरु: Radio र स्थानीय संचारमाध्यमहरुबाट नियमित रुपमा प्रवाह भईरहेको । साथै स्वास्थ्य सूचनाको ब्रोसर तथा पम्प्लेटहरु सहित महिला स्वास्थ्य स्वयम सेवीका घर घरमा परिचालन भईरहेको छ ।
- कञ्चनरुप नगरपालिकाका र हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका बिभिन्न स्वास्थ्यसंस्थाहरुबाट निरन्तर रुपमा रुघाखोकी, ज्वरोबाट प्रभावित बिरामीहरुको उपचार व्यवस्थापन कार्य भईरहेको छ ।
- मिति २०७५ आश्विन ५ गतेको बिरामीहरुको अवस्था: एक जना बिरामी (उमेर ५५ बर्ष, पुरुष: Influenza B positive case को बिराट मेडिकल कलेजमा उपचार भइरहेको र उक्त बिरामीको अवस्थामा सुधार भइहेको) अन्य सबैको अवस्था सामान्य रहेको छ ।

साथै यस घटनाको प्रतिकार्य र व्यवस्थापनमा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, अस्पताल, संघसँस्था, व्यक्तित्व तथा समुदाय, पत्रकार तथा सम्बन्धीत सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

**मिति:** २०७५/०६/५

**फोन:** ०१-४२५०८४५| EDCD: ०१-४२५५७९६
**इ-मेल :** heocmohp@gmail.com| EDCD: ewarsedcd@gmail.com
**वेबसाइट:** heoc.mohp.gov.np| EDCD: www.edcd.gov.np

**चुडामणि भण्डारी**
प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई (HEDMU)/
Health Emergency Operation Center (HEOC)